म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १०९ शनिबार, ११ मंसिर २०७८ अष्टमी ने. सं. ११४२ कछलाथा 27 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा


राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थप २ सय ७० मा कोरोना संक्रमण

काठमडौं (रासस)/देशभर पछिल्लो २४ घण्टामा थप २७० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । यस अवधिमा दश हजार ४४६ को पीसीआर परीक्षण गरिएको थियो । योसँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा संक्रमितको संख्या आठ लाख २० हजार ५२७ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या ९५ हजार ४५२ पुगेको छ । पछिल्लो समय थप ३०२ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको संख्या आठ लाख एक हजार ७२२ पुगेको छ ।

निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५१८ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ९६ हजार ८५३ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय संक्रमितको संख्या सात हजार २८७ रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ८९६, संस्थागत आइसोलेशनमा ३९१, सघन उपचार कक्षमा १७५ र भेन्टिलेटरमा ३३ जनाको उपचार हुँदैछ ।



**एमाले महाधिवेशनको प्रभाव**: चितवनमा आयोजित नेकपा एमालेको १० औं महाधिवेशनको प्रभाव हेटौंडामा पनि देखिएको छ । चितवनको नारायणगढस्थित नारायणी नदी किनारमा आयोजित महाधिवेशनमा अत्याधिक चापका सवारीसाधनको व्यवस्थापनलाई ध्यानमा राख्दै हेटौंडा-११ स्थित थानाभन्याङ्गमा रोकिएको एलपी ग्यास बोक्ने ट्रक । थानाभन्याङ्ग शुक्रबार करिब ३ दर्जन बढी ठूला सवारीसाधन लामबद्ध थिए । *तस्वीरः साझाकुरा*

# कान्ति लोकपथका लागि डेढ अर्ब माग

साझाकुरा संवाददाता

हेटौंडा/२०११ सालमा तत्कालीन राजा महेन्द्र शाहले आफ्नो निर्देशनमा ट्र्याक खन्न लगाएको हेटौंडा-काठमाडौं जोड्ने ९२ किलोमिटर कान्ति लोकपथ सडक अझै अधुरो छ । ६६ वर्षअघि सुरु गरिएको सडक अझै पूर्ण रुपमा संचालनमा आउन सकेको छैन ।

काठमाडौं-हेटौंडा जोड्ने वैकल्पिक राजमार्ग कान्ति लोकपथको निर्माण सकिन अझै केही वर्ष लाग्ने निश्चित भइसकेको छ । आयोजनाको काम सकाउन करिब डेढ अर्ब रुपैयाँ बराबरको थप ठेक्का गर्नुपर्ने भएको छ । सडक विभागसँग कालोपत्रे गर्न नमिल्ने अवस्थामा सडक खण्डलाई स्तरीकरण गर्न भन्दै डेढ अर्ब बजेट माग गरेको हो । प्रस्तावित स्तरीकरणको काम सकिएपछि मात्रै आयोजनाले पूर्णता पाउने छ ।

ठूला सवारी चलाउने दिने गरी निर्माण भइरहेको सडकमा २०७६ को वर्षायाममा वर्षाले ठूलो क्षति पुऱ्याएको थियो । आयोजनाले ७९ किलोमिटरमध्ये ६८ किलोमिटर खण्ड कालोपत्रे गरिसकेको छ । चालु आर्थिक वर्षमा करिब ६ किलोमिटर खण्ड कालोपत्रे गर्ने आयोजनाले बताएको छ । त्यसपछि कठिन चट्टाने पहिरोका कारण प्रभावित विभिन्न भागका करिब ४ किलोमिटरको असजिलो र कालोपत्रे गर्न नसकिने खण्डलाई बलियो गरी बनाउन थप बजेट आवश्यक पर्ने आयोजनाका एक अधिकारीले बताए ।



'त्यस क्षेत्रमा पहिरो रोकेर सडकलाई मजबुत र समस्यारहित बनाउन विभिन्न निर्माणका काम कामहरु गर्नुपर्छ,' ती अधिकारीले भने, 'त्यसका लागि अध्ययन गर्न हामीले विभागलाई नै लिखित रुपमा अनुरोध गरेका छौं ।' चालु आर्थिक वर्ष २०७८/७९मा आयोजनाले ३० करोड मात्रै बजेट पाएको छ । यो बजेटले कालोपत्रे गर्न सम्भव हुने सबै खण्डमा काम सकिने आयोजनाले बताए । त्यसपछि चट्टाने पहिरो प्रभावित खण्डहरु सुधारका लागि ललितपुर र मकवानपुरको भूभागका दुई प्याकेजमा छुट्टा-छुट्टै ठेक्का लगाउनुपर्ने अवस्था रहेको विभागले बताएको छ ।

यो सडकका लागि विसं २०११ सालमा ट्र्याक खोल्न शुरु गरेर विसं २०१६ मा काम सकिएको थियो । तर, त्यसपछि बागमती खोलामा पुल नबन्दा र केही चट्टाने भीरको क्षेत्रमा सडकको अवस्था नसुधार्दा करिब ५० वर्ष यो सडक अलपत्र नै रह्यो । सरकारले अन्य सडकलाई महत्व दिएपनि कान्ति राजथलाई अवहेलना गर्दै आएको थियो ।

दोस्रो जनआन्दोलनपछि बल्ल यो मार्गको निर्माणमा सरकारले चासो देखाएको थियो । त्यसअनुसार निर्माण शुरु भएको ६० वर्षपछि २०७३ सालमा यो राजमार्गमा कालोपत्रे शुरु भएको थियो । यो दुई लेनको सडक बनेपछि हेटौंडाबाट मुग्लिन हुँदै काठमाडौं आउने २२६ किमी र पालुङहुँदै आउने १२६ किलोमिटर बाटोको विकल्प तयार हुनेछ । ०६४ मा ब्युँतिएको यो आयोजनाले हालसम्म करिब साढे ३ अर्ब रुपैयाँ खर्च गरिसकेको छ ।

काठमाडौंबाट कान्ति लोकपथको प्रस्थान विन्दु ललितपुरको एकान्तकुना हो । हेटौंडाको बुद्धचोकदेखि ललितपुरको टिका भैरव सम्मको यो सडकलाई विस्तार गरी ८ दशमलव ५ मिटर चौडा गर्न काम भइरहेको छ । कतिपय भीर भएका खण्डमा इन्टरमिडियट एक लेन पनि छन् ।

यो सडकको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) कोरियाको सरकारी कम्पनीले तयार गरेको थियो । कान्ति लोकपथ निर्माण सकिएर ठूला सवारी आएपछि ललितपुरका दक्षिणपूर्वी भेग र मकवानपुरको पूर्वोत्तर भेगका बासिन्दाको जीवनयापनमा सुधार आउने स्थानीयको अपेक्षा छ ।

वीरगञ्ज नाकाबाट नेपाल तथा भारतबीच हुने व्यापार विस्तारमा समेत यसले सहयोग पुऱ्याउने विश्वास गरिएको छ । यसले पूर्वी नेपाल र वीरगञ्जबाट हुने काठमाडौंको आपूर्ति व्यवस्थालाई सहज गर्नेछ ।

**हरिबहादुरको गालामा गाडिएको छ, कान्ति लोकपथको ढुंगा**

७७ बर्षीय हरिबहादुर किडरिङ्ले ६६ वर्षअघि कान्ति लोकपथ निर्माणका लागि ११ बर्षकै उमेरमा पसिना बगाए । उनले लगातार ३ बर्ष कान्ति लोकपथको ट्र्याक खन्न पिक र कोदालो चलाए ।

२०१५ सालमा बाटो खन्ने क्रममा चट्टान चोइटिएर उनको निधारमा गहिरो चोट लाग्यो । निधारमा गहिरो चोटसँगै देब्रो आँखाको डिल गालामा अझै ढुंगाको टुक्रा गाडिएको उनले बताए । 'बाटो खन्ने क्रममा चट्टानले निधारमा गहिरो काट्यो । त्यस बेलाका सेनाका कर्णेल क्षेत्रबहादुर थापाले तत्काल काठमाडौंस्थित आर्मी हस्पिटलमा लगेर उपचार गराउनु भयो ।' उनले भने 'चोटसँगै देब्रे आँखाको डिल गालामा अझै ढुंगाको टुक्रा गाडिएको छ, डाक्टरले केहि असर नगर्ने बताएपछि निकालिएको छैन ।'

गालामा गाडिएको ढुंगाको टुक्रा देखाउँदै हरिबहादुर प्रश्न गर्छन् 'त्यसबेला ज्यान हत्केलामा राखेर खनेको बाटोमा यतिका वर्ष बित्दा पनि किन गाडि गुडेन ?' गालामा ढुंगा गाडिए पनि खुट्टामा गाडिएको एक दर्जन बढी टुक्रा आफैले लठ्याउने औषधी लगाएर निकालेको उनी बताउँछन् ।

एक महिना बढी अस्पतालमा उपचार गराएपछि निको भइ घर फकिएका हरिबहादुर बाटो खन्ने काममा फर्किएनन् । यसरी ३ बर्ष बाटो खन्ने काममा पसिना बगाएका उनीसँगै अझैपनि दुःखका दिनहरुको याद ताजा छ ।

उनी २०५४ सालको स्थानीय निकायको चुनावमा तत्कालीन एमालेको तर्फबाट मकवानपुरगढी गाविस ३ नम्बर वडाको वडाध्यक्षसमेत हुन् ।

## थाहा नगर माओवादी कमिटीमा अधिकारीको दाबी



हेटौंडा/नेकपा माओवादी केन्द्रको आसन्न थाहा नगर कमिटी निर्वाचनमा मनोज अधिकारीले अध्यक्ष पदमा दाबी गरेका छन् । २०४८ सालबाट अखिल छैठौंको विद्यार्थी राजनीतिबाट राजनीतिक यात्रा सुरु गरेको अधिकार २०५१ सालबाट संयुक्त जनमोर्चा नेपालमा सक्रिय भएका थिए ।

२०५४ सालमा जनमोर्चा नेपालको पार्टी सदस्यता लिएका उनले त्यसयता रुपचन्द्र बिष्टको जनमुखी राजनीतिबाट प्रेरित भइ राजनीतिक तथा सामाजिक कार्यमा सक्रिय रहँदै आएका बताए । २०६४ पछि नेकपा माओवादी र एकता केन्द्रबीच पार्टी एकता भएपछि अधिकारी एकीकृत पार्टीको वडा कमिटी अध्यक्ष चयन भएका थिए । २०७० सालपछि उनी पार्टीको नगर कमिटीमा रहेर काम गर्दै आएका छन् ।

पार्टीलाई नगरमा थप व्यवस्थित बनाउन र जनमुखी काममा जोड्न आफ्नो उमेदवारी रहेको अधिकारीले बताए । माओवादी केन्द्रको प्रथम नगर सम्मेलन तथा कमिटी निर्वाचन यही ११ मंसिरमा जेसीज सभा हलमा हुँदैछ ।

## टावरडाँडामा करोडको खानेपानी आयोजना



हेटौंडा (रासस)/लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका स्थानीय बासिन्दाका लागि मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३ स्थित टावरडाँडामा एक करोड ६ लाख लागतको खानेपानी आयोजना निर्माण सम्पन्न भएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरको ७५ प्रतिशत र गाउँपालिकाको २५ प्रतिशतको संयुक्त लगानीमा निर्माण सम्पन्न भएको आयोजनाको जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालले उद्घाटन गरेका छन् ।

जिल्ला समन्वय समितिको ६० लाख र सो गाउँपालिकाको ४६ लाखको संयुक्त लगानीमा निर्माण भएको सो आयोजनाबाट २१६ घरपरिवारलाई स्वच्छ खानेपानी उपलब्ध हुने गाउँपालिकाले जनाएको छ ।

एक हजार ७ सय मिटर टाढाबाट लिफ्टिङ्ग सिस्टमबाट टावरडाँडामा ल्याइएको पानी दुई लाख ४० हजारको ट्याङ्कीमा संकलन गरी खानेपानी स्थानीय २ सय १६ घरपरिवारलाई उपलब्ध गराइने गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईंले जानकारी दिए ।

कृषि तथा पशुपालनको क्षेत्रका रुपमा अगाडि बढेको सो क्षेत्रमा निर्माण भएको खानेपानी आयोजना महत्वपूर्ण भएको हुमागाईंको भनाइ छ ।

मकवानपुरगढी वडा नं ४ का स्थानीयबासी विश्वनाथ रिमाल र रमणीप्रसाद घिमिरेद्वारा दान गरिएको जग्गामा सो खानेपानी ट्याङ्कीलगायत पूर्वाधारको निर्माण गरिएको टावरडाँडा खानेपानी उपभोक्ता समितिका अध्यक्ष सत्रुघन दुलालले जानकारी दिए ।

चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ
डा. प्रकृति सिटैला
अब हेटौंडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु - महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने - स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।
थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।

## बोलेरोले ठक्कर दिँदा श्रेष्ठको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा/चितवनको राप्ती नगरपालिका वडा नम्बर २ मा बोलेरोको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मकवानपुर को मनहरी गाउँपालिका वडा नम्बर ६ निवासी अन्दाजी ४४ वर्षीय र घुनाथ श्रेष्ठ रहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका अनुसार, उक्त घटना बुधबार रातिको हो ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चितवनको राप्ती नगर पालिका-२ मा भण्डाराबाट लोथर तर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ च १३७५ नम्बरको बोलेरोले ठक्कर दिँदा एक जनाको मृत्यु भएको चितवन प्रहरीले जनाएको छ ।

ठक्कर दिने बोलेरो प्रहरीको नियन्त्रणमा रहेको छ भने चालक फरार भएका छन् । दुर्घटना पछि स्थानीयहरुले सडक अबरुद्ध गरेका थिए ।

आकर्षक घडेरीहरु विक्रीमा
हेटौंडा उपमहानगरपालकि वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ किं.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरु सुपथ मुल्यमा विक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९



Times AutoHub Hetauda
Contact:057-590610, 9855067840

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# यस्तो छ गेमिङ स्मार्टफोन पोको एफ-३ जिटी, कति पर्छ मूल्य ?

पोको एफ-३ जिटी अहिले बजारमा चलिरहेको राम्रो गेमिङ स्मार्टफोनमध्ये पर्छ । यो फोन तीन महिनाअघि नेपाली बजारमा सार्वजनिक भएको थियो र यसको चर्चा अझै कम भएको छैन । आज हामी तपाईंलाई यो गेमिङ स्मार्टफोनमा रहेका फिचरबारे बताउने छौं । पोको एफ-३ जिटी विशेषगरी गेमर उपभोक्तालाई लक्षित गरेर बनाइएको स्मार्टफोन हो । यसको डिजाइन बजारमा पाइने सामान्य स्मार्टफोनभन्दा फरक छ । आलुमिनियम फ्रेम भएको यो फोनको अगाडि र पछाडि भागमा क्रोनिङ गोरिला ग्लास-५ प्रयोग भएको छ । यसले फोन भुइँमा खस्दा पनि सजिलै टुट्ने फुट्ने हुँदैन ।




यो फोनको दायाँतिर हामीले पावर बटनसहित अन्य दुइटा म्यागलेभ ट्रिगर बटन देख्न सक्छौं । यस्तो म्यागलेभ ट्रिगर बटन प्रायजसो गेमिङ फोनहरूमा प्रयोग भएको हुन्छ । यी ट्रिगर बटनलाई एकैपटकमा स्लाइड गरेर अन गर्दा यसका छेउबाट दुइटा बटन माथि आउछ । यो दुई बटनलाई प्रयोग गरेर हामीले गेमहरू खेल्न सक्छौं । यसले गेमिङ अनुभव निकै सहज बनाउँछ ।

यसको बायाँतिर भोल्युम अप-डाउन बटन छ । यसको तल र माथि दुवैतिर स्टेरियो स्पिकर छ । यो स्पिकरबाट आवाज निकै प्रष्ट र ठूलो सुनिन्छ । जुन गेम खेल्दा चाहिने अर्को महत्वपूर्ण फिचर हो । यसको पछाडितिर भने तीनवटा क्यामरा र बोल्ट चिह्न भएको एलइडी ृल्यास छ ।

*अब यसको डिस्प्ले हेरौं ।*

पोको एफ-३ जिटीमा ६.६७ इन्चको फुल एचडी प्लस टर्बो एमोलेड डिस्प्ले छ । यसमा १२० हर्जको रिफ्रेस रेट र ४८० हर्जको टच स्याम्प्लिङ रेट छ । यो रिफ्रेस रेटले हाम्रो गेमिङ अनुभव स्मुथ र अझ सहज भयो । यो फोनमा सनलाइट स्क्रिन सर्पोट पनि छ । यसको ब्राइट स्क्रिनले बाहिर चर्को घाममा फोनमा चलाउन हामीलाई केही अप्ठ्यारो भएन ।

*अब यसको पर्फर्मेन्सबारे कुरा गरौं ।*

यो फोनमा मिडियाटेक डाइमेन्सिटी १२०० एसओसी प्रोसेसर छ । साथै यसमा ८ जिबी ऱ्याम र २५६ जिबी इन्टरनल स्टोरेज पाउन सकिन्छ । हामीले फोनमा दुई-चारवटा गेम डाउनलोड गरेर खेल्दा फोन ह्याङ हुने जस्ता केही समस्या पाएनौं । गेम धेरै समय खेल्दा पनि यो फोन त्यत्ति तातिएन । यो फोनमा भएका क्यामरा पनि राम्रो छ ।

पोको एफ-३ जिटीमा तीनवटा क्यामरा छ, जसमा ६४ मेगापिक्सलको प्राइमरी लेन्स, ८ मेगापिक्सलको अल्ट्रा-वाइड लेन्स र २ मेगापिक्सलको म्याक्रो लेन्स छ । क्यामराको अन्य फिचरहरूमा प्रो मोड, पोट्रेड मोड, नाइट मोड, सर्ट भिडिओ र भ्लग मोड, डुअल भिडिओ छ । यसको अगाडितिर १६ मेगापिक्सलको सेल्फी क्यामरा देख्न सक्छौं । यो क्यामराले नर्मल फोटो ठिकठाक खिचेको पायौं, तर यसको अल्ट्रा-वाइड लेन्सले धेरै फराकिलो भ्यू खिच्ने रहेछ । यसको सेल्फी क्यामराबाट पनि फोटो प्रष्ट र उज्यालो आएको छ । यसैगरी यो फोनमा ५०६५ एमएएचको ब्याट्री छ । हामीले फोन दिनभर चलाउँदा पनि यो ब्याट्री चाँडै सकिँदैन । यदी हामीले यो फोनमा दुई-तीन घण्टा लगातार गेम खेल्यौं भने पनि यसको ब्याट्री ह्वात्तै घट्दैन । अब तपाईं फोन कम चलाउनु हुन्छ भने यसको ब्याट्री लगभग दुई दिनसम्म पनि पुग्छ ।

केहीगरी ब्याट्री सक्किएमा हामीसँग पोकोको ६७ वाटको फास्ट चार्जिङ एडेप्टर हुनेछ । यो एडेप्टरबाट फोन एक घण्टामै पूरा चार्ज हुन्छ । फोनका अन्य फिचरमा हामीले फिंगरप्रिन्ट सेन्सर र आइआर फेस अनलक पाउन सक्छौं । यतिका फिचर भएको पोको एफ-३ जिटीको मूल्य चाहिँ कति पर्ला ? नेपाली बजारमा पोको एफ-३ जिटी गनमेटल सिल्भर र प्रेडेटर ब्ल्याक रङमा उपलब्ध छ । यो फोनको मूल्य ५६ हजार ९ सय ९९ रूपैयाँ तोकिएको छ । - सेतोपाटी

# यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन : मनोविद् करुणा कुँवर

काठमाडौं/हिजोआज शहरी भेगका मात्रै होइन ग्रामीण भेगका बालबालिका समेत इन्टरनेटको सोझो पहुँचमा छन् । भिडियो गेमको लत होस् या त अनलाइन अध्ययनको कारणले बालबालिकाहरुमा इन्टरनेटको पहुँच बढाएको छ । इन्टरनेटको असीमित पहुँचले जति सकारात्मक ज्ञानको पहुँच बढाएको छ, त्यति नै असर पनि पुऱ्याएको मनोविद्हरु बताउँछन् ।

बालबच्चाहरुले इन्टरनेटमा यौनजन्य सामग्रीको धेरै खोजी गर्ने चलन बढेको विभिन्न अध्ययनहरुले देखाएको छ । यसले बालबालिकाको मस्तिष्कमा गम्भीर असर पर्ने गरेको मनोविद्हरु बताउँछन् । मनोविद् करुणा कुँवरलाई हामीले यौनजन्य सामग्रीमा बालबालिकाको सोझो पहुँच हुँदा यसले समाजमा कस्तो असर गर्ने गर्छ ? भनेर सोधेका थियौं ।



**अहिलेका बालबच्चामा इन्टरनेट लगायतका माध्यममा यौनजन्य सामग्रीको सोझो पहुँच पुगेको छ । यसले उनीहरुमा कस्तो प्रभाव पारेको होला ?**

यो सरसर्ती हेर्दा सामान्य देखिएपनि जटिल विषय हो । इन्टरनेट आफैंले कहिल्यै पनि नराम्रो गर्दैन । तर विभिन्न कारणले इन्टरनेटमा खोजिने अनावश्यक विषयले बच्चाको मस्तिष्कमा नकारात्मक असर पुऱ्याउने गर्छ । यसले बालबच्चालाई मात्रै नभएर सिंगो समाजलाई नै गम्भीर असर गर्ने गरेको छ ।

इन्टरनेटको प्रयोग ज्ञान प्राप्तिको लागि गर्दासम्म ठीक छ, मनोरञ्जनको लागि प्रयोग गर्दासम्म पनि ठीक छ । तर यसबाट बाहिर गएर जब बच्चाहरु यौनजन्य सामग्रीको खोजीमा लाग्छन्, त्यसपछि यो उनीहरुका लागि हानिकारक बन्न पुग्छ । इन्टरनेटको दुर्व्यसनीमा लागेका बच्चाको दिमागमा कोकिनले जस्तै असर गर्ने गरेको भेटिएको छ ।

यस्तो दुर्व्यसनीमा लागेकाहरु एकअर्काप्रति बढी आक्रामक देखिने गर्छन् । त्यसैले इन्टरनेट त्यतिबेलासम्म प्रयोग गर्नु राम्रो हुन्छ, जतिबेलासम्म त्यो हाम्रो लागि सहयोगी बन्छ । यस्तो दुर्व्यसनीले बच्चाहरुमा शारीरिक रुपमा चाहिनेभन्दा धेरै तौल बढ्ने, भावनात्मक रुपमा कमजोर हुने जस्ता समस्याहरु निम्तिने गर्छ ।

**उनीहरुले यस्ता माध्यमबाट यौनसम्बन्धी जानकारी लिने वा यौन आशक्ति बढ्ने गरेको त छैन ?**

यसबारेमा व्यवस्थित अध्ययन त भएको छैन । हरेक व्यक्तिका इच्छा फरक हुन्छन् । कोहीको इच्छा नयाँ कुरा खोज्नेमा हुन्छ, त कसैको यौन सम्बन्धी जानकारी खोज्ने बानी हुन्छ । यस्ता सामग्रीमा चासो बढ्दै जाँदा यसले दुर्व्यसनी पनि निम्त्याउँछ । त्यो खराब बानीले मान्छेमा आशक्ति बढाउँदै लैजान्छ । एकातिर खानपान र जलवायु परिवर्तनका कारण बच्चाहरुमा चाँडै यौन परिपक्वता बढिरहेको छ । अर्कोतिर उनीहरू सोझै यौनजन्य सामग्रीको पहुँचमा छन् । यसले उनीहरुमा यौन विकृतिको जोखिम कति बढाउला ?

यसमा जलवायु परिवर्तनको असर कति छ भन्ने त म भन्न सक्दिन । तर, प्राकृतिक रूपमा समयसँगै मान्छे परिपक्व हुँदै जानु स्वभाविक कुरा हो । आधुनिक प्रविधिको कारणले मान्छेमा नयाँ विधि, शैली र ढाँचाको विकास हुन्छ । यसले राम्रो मात्रै गर्दैन, विकृति पनि निम्त्याउँछ । जसको असर साइबर बुलिङ, यौन हिंसाजस्ता घटनाहरुबाट देख्ने गरिन्छ ।

**अहिलेको अवस्थामा बालबच्चालाई यौन शिक्षाको आवश्यकता कति छ ?**

अहिलेको समयमा बालबालिकामा यौन शिक्षाको आवश्यकता बढ्दै गएको छ । यौन शिक्षा भन्नेबित्तिकै यौन जीवन कस्तो हुनुपर्छ ? मान्छे यौनको लागि परिपक्व हुँदै गर्दा आइपर्ने झमेलाहरु के-कस्ता हुन्छन् ? यस्ता समस्याबाट बच्न के-कस्ता उपाय अपनाउन सकिन्छ ? भन्ने बारेमा आफ्ना बालबालिकालाई समयमा नै सिकाउनु जरुरी छ ।

**कुन उमेरमा यौन शिक्षा दिनु उचित हुन्छ ?**

जब मान्छे यौनको लागि परिपक्व बन्न थाल्छ । त्यसपछि बिस्तारै मान्छेमा यससम्बन्धी शिक्षाको आवश्यकता पर्छ । यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन । यसमा प्रजनन्, मान्छेमा हुने यौन समस्याजस्ता विषय समेट्ने गरिन्छ ।

**बालबच्चासँग कसरी यौनको कुरा गर्ने ?**

भनिन्छ, सामान्यतया छोराछोरीहरु किशोरावस्थामा पुगेपछि आमाले छोरीसँग र बाबुले छोरासँग साथीको जस्तै व्यवहार गर्नुपर्छ । यौनको विषयमा छोराछोरीसँग कसरी प्रस्तुत हुने भन्ने कुरा आम समस्याको विषय हो । यौनको कुरा गर्दा लिंगअनुसार फरक व्यवहार हुन्छ । सामान्यतया ११-१२ वर्षको उमेरमा मान्छेमा धेरै परिवर्तन हुन्छ । त्यसैले उनीहरुसँग साथीको जस्तै व्यवहार गरेपछि उनीहरुले पनि आफ्नो समस्या सुनाउँछन् र त्यही अनुसार समाधानको उपाय खोजी गर्न सकिन्छ ।

**बालबच्चालाई यौनका कुन-कुन पक्षको जानकारी हुनु जरुरी छ ?**

विशेषगरी यौन दुर्व्यवहार के हो ? यौन स्वास्थ्यमा ध्यान दिनुपर्ने कुरा के-के हुन् ? मान्छे यौनमा कसरी परिपक्व बन्छ ? यौनसम्बन्धी कानूनी पाटो के-के हुन्छ ? छोरालाई महिलाप्रति कसरी जिम्मेवार बन्ने भन्ने कुरा सिकाउनु जरुरी छ । - अनलाईनखबर

# साहित्य

## म गलत रहेछु बाबा

लघुकथा



**नरेन्द्र ज्ञवाली**

मेरो एउटा पहाडको गाउँमा सानो परिवार थियो । हाम्रो परिवार सानो किसानी थियो । घर खर्च चलाउन पनि हम्मे-हम्मे हुने परिवारलाई पढाइ खर्च पुर्याउन निकै कष्ट थियो । म पढ्न सहर जानुपर्ने, उता घरको आर्थिक अवस्था नाजुक । मनमा खालि पैसा कसरी कमाउने भन्ने सोच भएको अवस्था थियो ।

अचानक सहरमा पढाइ सुरु भएको रहेछ । बाबा आएर भन्नुहुन्छ 'बाबु, तिमी अब पढ्नलाई सहर जाऊ । घरको केही पिर/चिन्ता लिनु पर्दैन, अब म नि विदेशतिर जान्छु तिमीलाई पढ्नलाई चाहिने खर्च जुटाउनु पर्छ ।' बाबाले गम्भीर हुँदै भन्नुहुन्छ, 'बाउको इज्जत राखेर पढ्नू सहरमा ।' मेरा मनमा धेरै कुराहरु खेल्ने गर्थे । धनी भएको भए यसरी दु:ख पाइने थिएन होला । सहरमा घर हुन्थ्यो होला । मेरा बाले अहिलेसम्म के गरेका होलान् भन्ने सोच राख्ने म । बाबा म गलत रहेछु । हजुरले मेरो लागि गरेका श्रम, बलिदान र दु:खका क्षण म सम्झँदा झसंग हुन्छु । हजुरले प्रदेशमा पसिना बगाइ मेरा इच्छा आकाक्षा पूरा गरी शिक्षाको लागि राम्रो बोर्डिङ स्कुलमा पढाइ आफ्ना खुसीहरु त्याग गर्नुभयो । मेरै लागि आफ्ना दाजुभाइ त्याग्नु भयो । मेरै लागि आफू जन्मेको जन्मभूमि त्याग्नु भयो । बाबा हजुरले मप्रति गरेका योगदानहरु बुझ्न सकेनछु । अहिले महसुस गर्छु, हजुर त मेरो गहना हुनुहुँदो रहेछ बाबा ।

बाबा हजुरले भन्नुहुन्थ्यो नि गाउँलेहरुसँग मेरो छोरालाई डाक्टर बनाउने सपना छ । बाबा हजुरले त पूरा गर्नुभयो आफ्नो सपना सम्पत्ति बेची, दु:ख/सुख गरी । तपाईं त बहादुर हुनुहुँदो रहेछ बाबा । सम्झन्छु हजुरले आफन्तसँग भनेको कुरा, मैले मेरो छोराको लागि धेरै नै गरिसकें । तर म भने 'मेरो लागि के नै गरेका छन् र ?' भन्ने प्रश्नमा अल्झिएछु बाबा । सम्झन्छु हजुरलाई बुढेसकालमा एक्लै छोडी हिँडेको, अब मलाई फोन नगर्नु भन्दै थर्काएको, म मेरो लागि केही गर्छु भन्दै गाउँ छोडी सहर आएको ।

बाबा, हजुरले फोन गर्नु भएको रहेछ । म जागिरमा थिएँ, कामको चापले गर्दा फोन उठाउन पाइनँ । कोठा गएर फोन गर्छु भन्ने सोचेको थिएँ तर हजुरकै फोन आयो । मैले फोन उठाउँदा बित्तिकै हजुरले भन्नुभयो बाबा, 'कान्छा के गरेको छस् ? सन्चै छस् ? कहाँ छस् ? किन फोन हान्नै छोडिस् ?

किन बाबालाई बिर्सि ?' यति भन्दै हाँस्दै हुनुहुन्थ्यो, मलाई लाग्यो त्यो हाँसोमा धेरै नै पीडा लुकेको छ । सुनेको थिएँ बाबुआमाको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुंगा-मुढामाथि । सायद यो वाक्य व्यवहारिक नै रहेछ । हजुरका दु:खहरु सुखमा परिणत हुन सकेनन् बाबा । - सेतोपाटी

## पानी



**विवेक प्रसाद यादव**

कक्षा ११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

पानी बीना हुदैन जीवन
पानी हो हाम्रो जीवन
तराईमा हाम्रा आमा र दिदी
पानी लिन हुन्छ धेरै कष्ट
पानी हो हाम्रा जीवन

पानीका लागि हामीले
गर्नुपर्छ धेरै दु:ख
थोपा थोपा पानी चुईन्छ भने
हाम्रो जीवन चल्छ
पानी नै हो हाम्रो जीवन

जलस्रोतको धनी देश हाम्रो देश
नेपाललाई चिनिन्छ
हामीले पानी
जोगाउनु पर्छ पानी बीना हुँदैन जीवन
पानी नै हो हाम्रो जीवन

## परिवर्तनको गुरु

लघुकथा

**माधव पोखरेल गोज्याङ्ग्रे**

'सडे गलेका सामान हजुर, सडे गलेका सामान' कवाडी बटुल्ने रहमान यसरी नै हल्ला गर्दै दिनहुँ गाउँ घुम्छ । केही न केही सामान बटुलेर घर लैजान्छ । गाउँ घरमा प्राय: काम नलाग्ने सामानहरू असरल्ल जथाभावी मिल्काइएको हुन्थ्यो । ती सबै र हमानले लैजान्थ्यो । ऊ एक्लै गाउँ गाउँ घुमेर बटुलेका सामान बिक्री गरेर घर व्यवहार चलाएर कवाडा व्यापार पनि गर्थ्यो ।

एकदिन सुरेशले रहमानलाई सोध्यो 'भाइ तिमीले यो कवाडा सामान बेचेर कति कमाउँछौ ?' रहमानले जवाफ दियो 'सामान अनुसारको भाउ हुन्छ दाजु । यसैको कारोबारबाट मैले जग्गा किनेर घर बनाए । घर खर्च चलेको छ व्यापार पनि चलाएको छु ।' सुरेशले सामान्य साँझ बिहानको छाक टर्ला भन्ने सोंच बनाएको थियो । उसको सोंचले फेल खायो । रहमानको कुराले अचम्मित भयो । आफू पनि कवाडा सामान व्यापारमा लाग्ने कुरा सुनायो । रहमानले आफूलाई मानिस चाहिएको हुँदा चिने जानेको साथी भएकोले आजैबाट काम शुरु गर्न सुझायो । सुरेशले काम शुरु गर्यो । लगानी अनुसारको राम्रो प्रतिफल पाउँदै गयो । लगानी पनि बडाउँदै गयो । हिजो सबैले सुरेशे भनेर बोलाउँथे भने आज उसलाई सबैले नमस्कार सुरेशजी भन्न थालेका छन् ।

यति मात्र होइन सुरेशका कारण सो गाउँका अधिकांश चुल्ठे, मुन्द्रेहरूले समेत काम पाएका छन् । अब गाउँ हिजोको जस्तो रहेन । गाउँलेहरूको सोंचमा परिवर्तन आएको छ । कवाडा सामानको कारोबारीहरू हिजोको दु:खबाट मुक्त भएका छन् । रहमान गाउँको परिवर्तनको गुरु भएको छ ।

अहिले कवाडा सङ्कलक सबै मिलेर गाउँको विकासमा जुटेका छन् । श्रम नै परिवर्तनको उज्यालो घाम हो भन्दै आफैं परिवर्तन हुँदै बेरोजगारलाई रोजगार दिएर गाउँको परिवर्तनका लागि परेका छन् । - मझेरीडटकम

## गरीब म



**सायाङ्ग्रा श्रेष्ठ**

कक्षा ८, नवोदय शुशु सदन

खल्तीभित्र सुको पैसा नभएकै हुँ म
भेदभाव सकिने है कहिले हो भन
न छ पैसा न छ काम जन्मेको म किन ?
हेर्दामा फोहोरी छु चोखो नै छ मन ।

ए ईश्वर, नेता हेर कस्तो गाडीभित्र
होम्रो पीडा कसले बुझ्ने होला हेर मित्र
अब दिन यस्तै गरी काट्नु पर्छ साथी
भोलि राति के खाने हो भोक लाग्छ राति

च्यातेको छ लुगा, रुन्चे अनुहार मेरो
ईश्वर है अब तिमी हामीलाई हेर
अब हाम्रा लागि केही गरिदेऊ नेता
नेतालाई के को थाहा गरीबको बेथा

रातदिन खटे पनि त्यही नै हो धन
देश छोडी जाने भने मान्दैन यो मन
साच्चै अब मेरो दिन यसैरी नै बित्ला
फेरि अर्को नेता आई यो चुनाव जित्ला

## बाँकी नै छ

**भुवन राउट**

केही पुराना घाउहरुमा खाटा बस्न बाँकी नै छ
घरी-घरी मन बिथोल्न आउने यादहरुलाई दागबत्ती दिन बाँकी नै छ
तिमी भन्छौ, आजकाल उदास-उदास देखिन्छौ तिमी
तिमीलाई मेरा विगतका कहानी सुनाउनै बाँकी छ

पीडाले चिच्याएर रुन खोज्दा-खोज्दै मुस्कुराएको कहानी बाँकी नै छ
तिमी सोध्ने गर्छौ, किन पानी परेको राम्रो लाग्छ तिमीलाई?
वर्षातमा भिज्दै आँसु बगाएको सुनाउन बाँकी नै छ
कुनै समय त्यही फलैँचामा बसेर खुसी हुने म
आजभोलि त्यही देखेर तर्सिएको सुनाउन बाँकी नै छ

हुन त धेरै कुरा बाँकी नै छ जिन्दगीमा
सपना अधुरा छन्, विपना कहालीलाग्दो छ
तर पनि यो अन्धकार बाटोको कथा सुनाउन बाँकी नै छ
तिमी भन्छौ आऊ मेरो अंगालोमा म छु नि
तर त्यस्तै अंगालोमा बेरेर छुरा घोपेको दाग अझै बाँकी नै छ

तिमी भन्ने गर्छौ, मेरो विश्वास त गरेर हेर
त्यही विश्वासले दृष्टिविहीन बनाएको कहानी बाँकी नै छ
हुन त सबै कुरा आफूले चाहेजस्तो कहाँ हुन्छ र ?
दु:ख बिनाको खुसीको महत्व नै के छ र ?
तर पनि सपना देखाएर पहाड चडाइ
माथिदेखि धकेलेको कहानी बाँकी नै छ

सायद तिमी त्यस्तो नहुन पनि सक्छौ
सायद तिमी विश्वासयोग्य हुन पनि सक्छौ
तर म तिमीलाई स्वीकार्ने अवस्थामा छैन
मनका घाउ पीडा बल्झाउने अवस्थामा छैन
तर यो समयमा म भत्किएको घरजस्तै छु
अस्तव्यस्त अनि त्रसित
पछि फुर्सद मिलाएर आउनू तिमी
म मेरा विगत बिर्सिएर आउँला
अनि तिमीलाई सुनाउन बाँकी हरेक पाना सुनाउँला ।

तिमी सुनिदिनू मात्र
म वर्षौंदेखि बन्द गरेर राखेको यो मन
खाली बनाएर रित्तो रित्तो हुन चाहान्छु
नयाँ बिहानीको सुरुआत गर्न चाहन्छु
तर अहिले सबै कुरा बाँकी नै ठिक छ ।

## कविता

**प्रकाश निरौला**

गाउँमा हज्जारौं कविताहरू लेखिन्छन्
तर सुनिदैनन्, देखिन्छन् ।
काल्ना र पाखादेखि झ्याउरे भाकासम्म
पिपल छहारीदेखि घासका भारीसम्म
खेतका गरादेखि भ्यागुते छहरासम्म
सबैतिर कवितै कविता लेखिन्छन्
तर सुनिन्दैनन्, देखिन्छन् ।
एउटा कवि सहरमा कविमात्र बनिरहन सक्छ
तर गाउँमा कवि
खेताला, रोपार, बाउसे, हली, घाँसी, गोठालो
जन्ती, मलामी, लेखनदास सप्पै बन्नुपर्छ ।

गाउँमा बिहानै एक भारी कविता बाख्राले खान्छ ।
एक डोको कविता गाईले खान्छ।
बर्खामा आली काट्दा आली लगाउँदा
केही कविता धानबारीमै रोपिन्छन्, त्यहीँ फल्छन्
मकैबारीमा केही कविता उतै पाक्छन्
तोरीबारीमा केही कविता त्यतै फुल्छन्
मकै भट्मास पिँध्न जाँदा
केही कविता घट्टासँगै घुमिरहन्छन्
तोरी पेल्दा केही कविता कोलमै चेपिन्छन्
पिठो कुट्दा ननिफनिएका केही कविता
ओखल ढिकीमै छोडिन्छन्
लिङेपिङ रोटेपिङमा केही कविता
हल्लुड बनेर अड्याइरहन्छन् रौनक

अर्मपर्म, जन्तीमलामी, पुजाकार्जे
गाउँमा हज्जारौं कविता लेखिन्छन्
तर सुनिन्दैनन, देखिन्छन ।
वर्ष, दुई बर्षमा जब
कवि सहरको स्टेजमा उक्लिन्छ
उसका कविता सुनिन्दैनन्, देखिन्छन्
हातका ठेलाहरूमा, चोटहरूमा, खतहरुमा
गाउँमा हज्जारौं कविता लेखिन्छन्
तर सुनिदैनन्, देखिन्छन् ।

## गुडबाई काठमाडौं

# किन वर्षौंसम्म रिलिज भएन ?

काठमाडौं/चलचित्र 'गुडबाई काठमाडौं' निर्माण सम्पन्न भएको लामो समय बितिसके पनि रिलिज भएको छैन । विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेष्टिभलमा प्रदर्शन भए पनि नेपालमा भने यो चलचित्र रिलिज भएको छैन ।




नेपालमा फरक धारको चलचित्र निर्माणको सुरु गर्ने निर्देशकहरु मध्येका एक नवीन सुब्बाले 'गुडबाई काठमाडौं' निर्देशन गरेका छन् । त्यसैले उनको यो चलचित्र कस्तो भन्ने धेरैलाई प्रतीक्षा छ । 'नुमाफुङ' उनले निर्देशन गरेको चलचित्र हो । यो चलचित्र नेपाली चलचित्रको इतिहासमा नयाँ धारको सिनेमा निर्माणमा कोषेढुंगा मानिन्छ ।

चलचित्र केही समय अगाडि नै रिलिज गर्ने तयारी गरिए पनि कोभिडका कारण सम्भव नभएको निर्देशक सुब्बाले बताए । 'चलचित्र हामी जब रिलिज गर्ने तयारी गर्यौं, त्यही समय कोभिडका कारण लकडाउन भएपछि त्यो सम्भव भएन,' उनले भने, 'अब भने हामी सकेसम्म चाँडै नेपालमा पनि रिलिज गर्ने तयारीमा छौं ।'

धेरै पहिला नै चलचित्र रिलिज गर्ने योजना भए पनि केही व्यक्तिलाई चलचित्र देखाउँदा उनीहरुले दिएको सुझाव अनुसार सच्च्याउँन थाल्दा ढिलो भएको निर्देशक सुब्बाले स्पष्ट पारे । "मैले चलचित्र कस्तो छ भनेर फिडब्याक लिन केही साथीहरुलाई चलचित्र देखाएँ । उनीहरुले चलचित्र त खत्तमै पारेर बिगारेछौ भनेर भने ।

भिजुअलको काम सुझाव अनुसार सच्च्याउँदा सच्च्याउँदै ढिलो भयो,' उनले भने, 'मलाई यो चलचित्रले केही पाठ पनि सिकायो । फिडब्याकका लागि धेरैलाई चलचित्र देखायो भने काम ढिलो हुने रहेछ ।' यद्यपि, केही इन्टरनेशनल फिल्म फेष्टिभलमा चलचित्रले अवार्ड जितिसकेको उनले बताए । तर, यसको चर्चा भने नेपालमा खासै नभएको उनको भनाइ छ । 'गुडबाई काठमाडौं' पछि फिचर फिल्म निर्देशन नगरेका उनी अहिले भने 'गाउँ आएको बाटो' निर्देशनको अन्तिम तयारीमा छन् । तीन दिन अगाडि निर्माण घोषणा गरिएको चलचित्र केही दिनपछि छायांकन सुरु हुँदैछ । *- बाह्रखरी*

# "अनि पुलिसमा जागिर नखाएर भो ?"

काठमाडौं (रासस)/ विसं २००८ को कुरा हो । काठमाडौं, चाबहिलका कान्छा डंगोल र तरिमायाकी जेठी छोरी चैतमायालाई सरकारी भर्तीका लागि थुतेर लगियो । विसं २००७ पछि प्रजातन्त्रको परिवेश र उमङ्गका बेला उहाँसहितका महिलालाई एक टोलीले एक्कासि लिएर सिंहदरबारमा तालिम दिन शुरु गरेको थियो । त्यो टोली अरू केही नभएर नेपाली कांग्रेससँग आबद्ध थिए ।

त्यस बेला महिलाको टोली चारूमती बहालमा महिला सशक्तीकरणको छलफलमा सरिक थिए । त्यहाँबाट नै चैतमायालगायतलाई सामूहिक रुपमा लगिएको थियो । प्रजातन्त्र पुन:स्थापना हुनुअघि नेपाली काँग्रेसको मुक्ति सेनाले आन्दोलन गरिरहेको थियो । भर्खर प्रजातन्त्र प्रवेश गरेकाले सुरक्षा संरचना भर्खर भर्खर बामेसर्दै थियो ।

उतिबेलाको समय नै उस्तै । महिला केवल चुलोचौकामा सीमित रहनुपर्ने नेपाली समाजको पुरानो चलन । सामान्य लेखपढ गरेर घरबाहिर जागिर गर्ने महिलाले निकै संघर्ष र हिम्मत जुटाउनुपर्ने अवस्था थियो । त्यसमाथि सेना, प्रहरी जस्तो सुरक्षा अङ्गमा काम गर्ने सोच प्राय: महिलाको सपनामा पनि आउँदैन थियो । जब महिला आन्दोलनले विश्व तातिँदै गयो, तब त्यसको राप नेपाली समाजमा पर्‍यो ।

विस्तारै महिलाको उपस्थितिको रेखा कोरिन थाल्यो । कतिपय अवस्थामा अन्तर्राष्ट्रिय सन्धिसम्झौताको पक्ष राष्ट्रको हैसियतले पनि नेपाल सरकारका विभिन्न अङ्गमा महिला सहभागिता सुनिश्चित गर्नुपर्ने बाध्यता आइलाग्यो । विशेषगरी राणाशासनको अन्त्यसँगै मौलाएको प्रजातान्त्रिक व्यवस्थाले महिलाका लागि अवसर र चुनौतीका चाङ लगाइदियो । चैतमाया त्यस्तै अवसर र चुनौतीका चेपुवामा पाएका थिए । झण्डै चार महिना जति चैतमायासहितको महिला टोलीलाई प्रहरीसँग सम्बद्ध विभिन्न तालिम दिने र खेल खेलाउने गरियो । त्यस बेलाका प्रहरी हाकिम नरशम्शेर जबरा आफैं आएर तालिमेलाई सिकाउथ्यो । राणा नेपालका दोस्रो प्रहरी महानिरीक्षक हुन् । उनले राणाले प्रहरी प्रमुख हो भन्ने कुरा पछि मात्रै थाहा पाएको सुनाए । तालिम सकिने बेलासम्म पनि उनीसहितका महिलालाई केका लागि तालिम लिइँदैछ भन्ने भेउसम्म थिएन । चैतमायाका अनुसार सबै महिला मिर्मिरे बिहान टुँडिखेलको फराकिलो चौरमा सिक्ने, खेल्ने गर्थे । त्यसबेला भाग्न नपाउने गरी बन्दोबस्ती मिलाइएको थियो । प्रहरीमा भर्ना भएको भन्ने कुराको कसैले सुइँकोसमेत पाएन ।

उनी कल्पनामै नभएको प्रहरी पेशामा अनायासै तानिए । खेलकुद गरेको चार महिनापछि बल्ल मात्रै प्रहरी भएको थाहा भयो । त्यो चाल पाएपछि चैतमायासहितका सबैले प्रहरीको जागिर नखाने अड्डी लिए । लिऊन् पनि कसरी ? कडा मेहनत, चनाखो जीवनशैली र उछलकुदको प्रहरी पेसा महिलाका लागि सहज लाग्ने कुरै भएन । त्यसमाथि घरपरिवारको सहयोग र समर्थन पनि उतिबेला थिएन ।

महिला प्रहरी हुनु झनै चुनौती थियो तर उनीहरूको जागिर नखाने पुकारा कसैले सुनेनन् । बरु प्रहरी अधिकारीबाट धम्कीको सामना गर्नुपर्‍यो । "हामीले जागिर खान्नौं भन्दा कि तालिमको पैसा तिर्, नत्र जेल जानुपर्छ भने", अठासी वर्षीया चैतमायाले प्रहरी प्रमुखले भनेको कुरा सुनाउँदै भने, "अनि पुलिसमा जागिर नखाएर भो ?"

त्यसपछि उनको प्रहरी जीवन सुरु भयो । प्रहरीमा भर्ना भएकामा श्रीमान् केदार राजवंशीलाई पनि चित्त बुझेको थिएन तर सरकारको नुन खाइसकेपछि उनले पनि 'हुन्न' भन्न सकेनन् । "प्रहरीमा जागिर खाएका निहुँमा सात दिनमै श्रीमान्सँग विवाद भए पनि पछि विस्तारै उनले स्वीकार गरे", चैतमायाले बताए । घरपरिवारको जिम्मेवारी श्रीमान् र परिवारलाई सुम्पिँदै उनले जागिरे जीवनको यात्रा सुरु गरे । शुरुमा उनको दरबन्दी ट्राफिकमा भए पनि जहाँ खटायो, त्यहीं जानुपर्ने बाध्यता थियो । त्यतिबेला अपराधका रूपमा केही मारपिट, चोरीका घटना हुन्थे । उनले 'ड्युटी'मा खटिँदा सयौं अभियुक्त वा आन्दोलनकारी महिला, पुरुषलाई पक्राउ गरेका थिए । विसं २०१४ को सत्याग्रहमा उनी झन् धेरै खटिए । उनले प्रहरी पेसामा नुनको सोझो मात्र गरेनन्, देशको रातो झण्डामुनि नेपाली महिलाकै शिर गर्वले ठाडो बनाए, देश सेवामा जीवन सुम्पेर आधा आकाशको सान बढाए, अनि पहिलो महिला प्रहरी बनेर 'सत्य सेवा सुरक्षणम्' को प्रहरी नारालाई महिला वर्गले पनि उँचो राख्न सक्छ भन्ने चरितार्थ गरे ।

उनलाई अहिले हिँडडुलमा अर्काको सहारा चाहिने बेला भइसकेको छ । प्रहरी सहायक निरीक्षकबाट २०३९ सालमा सेवानिवृत्त चैतमायाले प्रहरी हुनुमा गर्व गर्दै भने, "प्रजातन्त्र खुलेपछि त ओहो ! कुरा गरिसाध्य छैन, त्यस्तो खुसीको क्षण थियो, त्यही बेला हामीलाई लग्यो ।" त्यस समयमा प्रहरीमा मात्रै होइन, जागिर खाने महिला नै थिएनन् भन्छन् चैतमाया । "प्रहरीमा जागिर खाने हाम्रो इच्छा थिएन, पुलिसमा जाने भनेर लगिएको पनि होइन, काँग्रेसका नेताले त्यसै सिंहदरबार लगेका थिए, चार महिनापछि पो प्रहरी भयौं भने, आफू त छक्कै परेको" उनले सुनाए ।

त्यस बेला महिलाको २५ जनाको दरबन्दी थियो । त्यसमा पहिलो नाम 'चैतमाया डंगोल', वैशाख १ दर्ता भयो । "भर्ना हुँदा भाइहरू (प्रहरी जवान) तीन मोहर खान्थे किस्ता, हवल्दारको दुई रुपैयाँ थियो, महिला भाग्छन् भनेर त्यतिखेरै हामीलाई तीस रुपियाँ दिइएको हो", उनले पुरानो कुरा सम्झँदै भने । जाडामा खाकी रङको ऊनी र गर्मीमा जिन्सको पोशाक दिइन्थ्यो । चैतमायाले झण्डै ३२ वर्ष प्रहरीमा सेवा गर्दा प्रहरी नायब निरीक्षक (सइ) हुने समय भएको थियो । "चिी आउनै लाग्दा घरको समस्याले जागिर छाडें", उनले सुनाए । प्रहरी हुँदाका अनेक अनुभव उनीसँग छ । "कति हेलाँ गर्थे त्यस बेला, सबै सहेर काम गर्नुपरेको थियो, सुरुसुरुमा डर पनि लाग्यो, लाज पनि हुन्थ्यो । अरुले 'पुलिसनी' जिस्क्याउँथे, पछिपछि हेलाँ गर्ने, जिस्क्याउनेलाई लखेट्थें", उनले काम गर्दाका स्मृति सुनाए । पाँच दिदीबहिनीमा उनीसहित तीन जना प्रहरीमा लागिए । उनले पछि माहिली बुद्धमाया र साहिँली श्रीमानीलाई प्रहरीमा लगाएका थिए । बुद्धमाया भने अहिले बितिसकेका छन् ।

आफूलाई प्रहरीमा भर्ना हुँदा लाज लाग्ने गरे पनि अब त्यस्तो अवस्था नरहेको उनी बताउँछन् । अहिले त खुसीसाथ भर्ना हुन्छन् । "महिलामा पनि केटासरह नै काम गर्न सक्ने तागत छ", उनले ठोकुवा गरे । अहिले विभेद नभएकाले पनि काम गर्न सजिलो रहेको उनी बताउँछन् । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री आजभन्दा झण्डै ७० वर्ष पहिला महिला प्रहरी हुनु आफैंमा चुनौतीको विषय भएको मान्छन् । "चैतमायाको जीवन कुनै तिलस्मी कथाकी नायिकाको जस्तै छ", आइजिपी थापाले भने ।

नेपाल प्रहरीले उनीलाई गत असोज २० गते मनाइएको ६६ औं प्रहरी दिवसका अवसरमा पहिलो महिला प्रहरीका रुपमा 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गर्‍यो । उनले मुलुककै कार्यकारी प्रमुख प्रधानमन्त्री शेरबहादुर देउवाका हातबाट सम्मान लिए । उनी बसेकै ठाउँमा पुगेर गृहमन्त्री बालकृष्ण खाणले दीर्घायुको कामना गर्दै विगतमा शान्तिसुरक्षा कायम गर्न गरेको योगदानको प्रशंसा गर्नु भुलेनन् । देशका उच्च व्यक्तिले आफू बसेकै ठाउँमा भेट्न आउँदा चैतमायाले त्यतिबेला हर्षित मात्रै भएनन्, प्रहरी भएकामा गर्व पनि गरे । त्यसो त उनले गोरखा दक्षिणबाहु चौथो, प्रहरी सेवा पदकलगायत पनि प्राप्त गरिसकेका छन् । कामको दौरान उनी चितवन, नुवाकोट र तनहुँको तत्कालीन सदरमुकाम बन्दीपुर पनि खटिएका थिए । विसं २०२१ मा बन्दीपुरबाट दमौली सार्दा आन्दोलन भएको थियो र भिड नियन्त्रणमा महिला प्रहरीलाई अगाडि राखिएको थियो ।

त्यसमा सरिक भएका चैतमायाले महिला प्रहरी देखेपछि आन्दोलनकारी हच्किएको बताएको प्रहरीले प्रकाशन गरेको एक पुस्तकम उल्लेख छ । अहिले विभिन्न प्रहरी तालिमहरूमा पहिलो महिला प्रहरीका रुपमा उभिएर प्रेरणा दिन उनले छाडेको छैन । कानुनत: ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था छ तर नेपाल प्रहरीमा अहिले पनि तिनको संख्या न्यून छ । हाल नेपाल प्रहरीमा एक प्रहरी अतिरिक्त महानिरीक्षक, आठ/आठ प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक, २९ प्रहरी नायब उपरीक्षक, ११७ प्रहरी निरीक्षकसहित आठ हजार ३५६ महिला प्रहरी कर्मचारी छन् । सबैभन्दा बढी जवान महिला छन् । कुल प्रहरीको दरबन्दी ७९ हजार ५३८ भए पनि हाल ७६ हजार १०१ प्रहरी कार्यरत रहेकामा झण्डै ११ प्रतिशत मात्रै महिला छन् ।

विसं २०१२ मा ऐन आएपछि मात्रै प्रहरी संगठन औपचारिक रुपमा गठन भएको मानिन्छ । त्यही दिनको सम्झनामा प्रहरी दिवस मनाउने गरिएको छ । ऐनमा लालमोहर लाग्नुअघि नै प्रहरी भर्ना गरिएको थियो । त्यसमाथि महिला पनि सहभागी थिए । चैतमाया त्यसैको एउटा उत्पादन हुन् ।

प्रहरीको इतिहास खोतल्दा विसं १९५५ तिर तराईमा हुने आपराधिक क्रियाकलाप रोक्न अमिन प्रहरी स्थापना भएको पाइन्छ । पहाडतिर मिलिसियो बनाइएको थियो । विसं १९६७ मा काठमाडौंमा कोतवाली प्रहरीको स्थापना भएको थियो ।

## प्रधानमन्त्री देउवासँग बारका पदाधिकारीको भेटवार्ता

काठमाडौं (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपाल बार एशोसिएशनका पदाधिकारी तथा वरिष्ठ अधिवक्ताले सर्वोच्च अदालतको विवादबारे ध्यानाकर्षण गराउँदै निकासका लागि पहल गरिदिन आग्रहसहित ज्ञापनपत्र बुझाएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा बारका पदाधिकारीले न्यायपालिकाका विकृति र विसंगतिका विरुद्धमा आफूहरूले गरिरहेको आन्दोलनका बारेमा प्रधानमन्त्रीलाई अवगत गराएको बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले जानकारी गराए । उनीहरूले प्रधानमन्त्रीसँग निकासका लागि पहल गरिदिन आग्रह गर्दै संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले निर्वाह गर्नुपर्ने भूमिका र सर्वोच्च नेतृत्वले देखाउनुपर्ने नैतिकताका सम्बन्धमा आफ्ना धारणा राखेका थिए ।

सो अवसरमा प्रधानमन्त्री देउवाले बारका पदाधिकारीले राखेका विषयलाई गम्भीरतापूर्वक लिँदै सोबारेमा आफू अवगत रहेको अध्यक्ष श्रेष्ठले सञ्चारकर्मीलाई जानकारी दिए । प्रधानमन्त्री देउवाले उक्त विषयमा सत्ता गठबन्धन दलका नेतासँग तत्काल बैठक गरी एक/दुई दिनमा नै निकासको लागि दृष्टिकोण सार्वजनिक गर्ने बताएका थिए ।

भेटमा बारका केन्द्रीय पदाधिकारी, सर्वोच्च बार एशोसिएशनका पदाधिकारी, बारका पूर्वअध्यक्षहरू, पूर्वमहासचिवहरू, पूर्वमहान्याधिवक्ता, पूर्वसभामुखलगातय उपस्थिति थिए ।

## राजस्व छलीका आरोपमा मुद्दा दायर

काठमाडौं (रासस)/ राजस्व अनुसन्धान विभागले झण्डै ३० करोड बिगो बराबरको राजस्व छली गरेको आरोपमा विभिन्न फर्मका सञ्चालक तथा यसका सहयोगीविरुद्ध शुत्रबार उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ ।

यसरी मुद्दा चलाइएकामा बाराको सिमराका उज्ज्वल ट्रेड कन्सर्नका सञ्चालक रामबाबुप्रसाद यादव, सोही ठाउँको दिव्या ट्रेड कन्सर्नका सञ्चालक सरोज मण्डल, टोनी कन्सर्न ट्रेडका सञ्चालक शान्तिराम सिटौला तथा सहयोगी प्रदीप साह छन् ।

विभागले उक्त राजस्व रकम असुल गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम हदैसम्मको जरिवाना तथा कैद सजायको माग गरेको छ ।

उनीहरूमाथि मिलेमतोमा वस्तु तथा सेवाको कारोबार नगरी झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि करको बिजक मात्र जारी गरी राजस्व छली गरेको विभागको आरोप छ ।

उनीहरूले मूल्य अभिवृद्धि करतर्फ नौ करोड १९ र आयकर तर्फ २० करोड अन्ठाउन्न लाख ७५ हजार राजस्व छली गरेको पाइएको विभागले शुक्रबार एक विज्ञप्ति जारी गरी जनाएको छ ।

# महिला क्रिकेट : नेपालद्वारा मलेसिया पराजित

काठमाडौं (रासस)/ संयुक्त अरब इमिरेट्स (युएई) मा जारी आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटमा नेपालले मलेसियालाई पराजित गरेको छ । जितसँगै नेपाल शीर्ष स्थानमा उक्लेको छ ।




विश्वकप एसिया छनोट अन्तर्गत शुक्रबार भएको आफ्नो चौथो खेलमा नेपालले मलेसियालाई ६ विकेटले पराजित गरेको हो । मलेसियाले नेपाललाई जीतका लागि ९३ रनको लक्ष्य दिएको थियो ।

उक्त लक्ष्य नेपालले १८ दशमलव २ ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो । जीतसँगै नेपालले आगमी वर्ष हुने टी-२० विश्वकप ग्लोबल छनोटमा पुग्ने सम्भावना बलियो बनाएको छ ।

नेपालको जीतमा सीता राना मगरले सर्वाधिक ३० रनको योगदान दिए । कप्तान रुबिना क्षेत्रीले २०, सरिता राना मगरले १५, कविता कुँवरले १० तथा इन्दु बर्माले चार रन बनाए ।

त्यसअघि दुबईस्थित आइसिसी एकेडेमीको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको मलेसियाले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ९२ रन बनाएको थियो । मलेसियाका लागि एल्सा हन्टरले अविजित ३९ रन बनाए । मास इलिएसाले १४ तथा युसरिना याकोपले १२ रनको योगदान दिए ।

बलिङतर्फ नेपालकी सबनम राईले दुई तथा कविता कुँवर, सीता राना मगर र कप्तान रुबिना क्षेत्रीले एक/एक विकेट लिए । नेपाल चार खेलमा तीन जीत र एक हारका साथ ६ अंक जोड्दै शीर्ष स्थानमा पुगेको छ । नेपाल पहिलो खेलमा हङकङसँग ६ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा भूटानलाई ८ विकेटले पराजित गरेको थियो ।

त्यस्तै नेपालले तेस्रो खेलमा कुवेतलाई ९ विकेटले हराएको थियो । तीन खेल खेलेको युएई शत प्रतिशत नतिजाका साथ ६ अंक जोडेर दोस्रो स्थानमा छ । रनरेट बलियो भएका कारण नेपाल शीर्ष स्थानमा छ । नेपाल अन्तिम खेल आइतबार युएईसँग खेल्नेछ ।

# पर्यटन प्रवर्द्धनमा सहयोगी बन्दै एमाले महाधिवेशन

चितवन (रासस)/ कोरोनाबाट पूर्णरूपमा प्रभावित बनेको यहाँको पर्यटन व्यवसायलाई नेकपा (एमाले)को १०औं राष्ट्रिय महाधिवेशनले चलायमान बनाएको छ । यससँगै आउँदा दिनमा यहाँको पर्यटन व्यवसायका लागि महाधिवेशन फलदायी हुने देखिएको छ ।




देशभरबाट आउने प्रतिनिधि र पर्यवेक्षकसँगै स्वदेशी तथा विदेशी पाहुनाले यहाँको पर्यटकीय महत्वको सन्देश बोकेर जाने भएका छन् । यसबाट पर्यटकीय नगरी सौराहासँगै जिल्लाभरको पर्यटकीय गन्तव्यको प्रचारप्रसार हुने भएको छ । महाधिवेशनको उद्घाटनका दिन शुक्रबार पाँच लाख मान्छे भेला गर्ने योजनामा एमाले रहेको छ । बन्दसत्र हुने सौराहामा १० हजार हाराहारी पुग्ने अनुमान गरिएको छ ।

भरतपुर महानगरपालिका पर्यटनविज्ञ डा. विश्व सुवेदी महाधिवेशनजस्ता ठूला कार्यक्रमले पर्यटनसँग सम्बन्धितसँगै अन्य क्षेत्रमा पनि सकारात्मक प्रभाव पार्ने बताउँछन् । सभा, सम्मेलन पर्यटन आफैंमा महत्वपूर्ण हुने जनाउँदै उनले मौसमी पर्यटनमा मात्र आश्रित यहाँका व्यवसायीलाई ऊर्जा थपेको बताए । उनले भने, "सभा, सम्मेलन पर्यटनले बेमौसमी पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ ।" पर्यटनसँगै यसले यातायात, कृषिजन्य उत्पादनलगायतमा ठूलो टेवा पुग्ने उनको भनाइ छ । क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष दीपक भट्टराई अहिले तत्कालका लागि धेरै फाइदा नभए पनि दीर्घकालीनरूपमा यसबाट धेरै फाइदा पुग्ने बताउँछन् । महाधिवेशनमा सहभागी हुने स्वदेशी र विदेशी पाहुनाले यहाँको पर्यटकीय महत्वको सन्देश बोकेर जाने उनको भनाइ छ । महाधिवेशन अवधिमा सौराहाका होटल, घरबास र रत्ननगरका होटलमा गरेर १० हजार हाराहारी बसोबास गर्ने जनाउँदै उनले भने, "उनीहरू फर्कँदा चितवनको पर्यटकीय महत्वको सन्देश लिएर देशभरि पुग्नुहुने छ, यो हाम्रा लागि महत्वपूर्ण अवसर हो ।"

कतिपयका लागि सौराहा पहिलो गन्तव्य हुने भन्दै जंगल सफारी लजका सञ्चालक सुमन घिमिरे आउँदा दिनमा महाधिवेशनको प्रभाव थप देखिने बताउँछन् । उनले भने, "नेकपा एमालेको महाधिवेशनले कोरोनाबाट शिथिल बनेको यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने छ ।" यो घुम्ने मौसम पनि भएकाले घिमिरेले चिनिएको गन्तव्य सौराहाको थप प्रचारप्रसारमा टेवा पुग्ने बताए ।

द नारायणी रिसोर्ट गैंडाकोटका महाप्रबन्धकसमेत रहेका पत्रकार वसन्त पराजुली यो महाधिवेशनले चितवन र नवलपरासीको गैंडाकोटसम्म लाभान्वित भएको बताउँछन् । उनले भने, "कोरोनाबाट थला परेका व्यवसायीलाई यसले ऊर्जा थपेको छ ।" निरास भएका व्यवसायीलाई भरोसा थपेको जनाउँदै उनले यसको दीर्घकालीनरूपमा सकारात्मक प्रभाव रहने बताए । आफ्नो होटलमा महाधिवेशनभरिका लागि होटल बुकिङ भएको उनको भनाइ छ । होटल व्यवसायी महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष दिनेश चुके चितवनका होटल व्यवसायीका लागि एमाले महाधिवेशन अमृत जल भएको बताउँछन् । उनले भने, "यसले दीर्घकालीनरूपमा पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्छ ।" महाधिवेशनले नारायणी नदी किनारलाई एउटा महत्वपूर्ण गन्तव्यका रूपमा परिचित बनाएको चुकेको भनाइ छ ।

नेकपा एमालेका नेता रामप्रसाद न्यौपाने महाधिवेशनले यहाँका पर्यटन व्यवसायीका लागि सन्जीवनी बुटीको काम गर्ने बताए । उनले भने, "यसले होटल व्यवसायीमा नयाँ जीवन प्रदान गरेको छ ।" वर्षौंसम्म राष्ट्रभरि र अन्तर्राष्ट्रियरूपमा यसको सन्देश पुग्ने न्यौपानेको बुझाइ छ । उनले भने, "हाम्रो महाधिवेशनले चितवनको पर्यटन क्षेत्रमा अदभूत फाइदा पुग्ने छ ।" अन्य क्षेत्र पनि लाभान्वित हुने न्यौपाने बताउँछन् । एमालेको १० औं राष्ट्रिय महाधिवेशन आजदेखि तीन दिनसम्म सञ्चालन हुने छ । कोभिडका कारण पूर्णरूपमा प्रभावित बनेका होटलका सबै कोठा बुकिङ भएका छन् ।

न्यौपानेले महाधिवेशनका कारण सौराहामा मात्र १० करोडभन्दा बढीको कारोबार हुने अनुमान गरिएको बताए । उनको भनाइमा भरतपुरमा पाँच करोडभन्दा बढीको कारोबार हुनेछ । यसबाट समग्र चितवनको अर्थतन्त्रमा टेवा पुग्ने न्यौपानेको भनाइ छ ।

## 'ए' डिभिजन लिग : सातदोबाटोद्वारा थ्रीस्टार पराजित

काठमाडौं (रासस)/ शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितअन्तर्गत शक्रबार भएको खेलमा नवप्रवेशी सातदोबाटो युथ क्लबले थ्रीस्टार क्लबलाई पराजित गरेको छ ।




त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा सातदोबाटाले थ्रीस्टार क्लबलाई १-० गोलअन्तरले पराजित गरेको हो । यसअघि सातदोबाटोले पहिलो खेलमा फ्रेन्ड्स क्लबसँग गोलरहित बराबरी खेलेको थियो ।

सातदोबाटोका लागि सुदीप गुरुङले निर्णायक गोल गरे । उनले खेलको २९ औं मिनेटमा गोल गरेको हो । जीतसँगै सातदोबाटोले चार अंक जोडेको छ । थ्रीस्टारको तीन अंक छ । यसअघि पहिलो खेलमा थ्रीस्टारले च्यासल युथ क्लबलाई ३-० गोलअन्तरले पराजित गरेको थियो ।

# 'खेलक्षेत्रलाई क्रियाशील र चलायमान गराउनुपर्छ'

काठमाडौं (रासस)/ युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले खेलक्षेत्र निरन्तर क्रियाशील र चलायमान हुन आवश्यक रहेको बताएका छन् ।



राष्ट्रिय खेलकुद परिषद्का नवनियुक्त सदस्यको शपथग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै उनले खेल क्षेत्रका चुनौतीलाई अवसरका रुपमा सदुपयोग गर्दै काम गर्न नवनियुक्त सदस्यलाई निर्देशन दिए ।

मन्त्रिस्तरीय निर्णयअनुसार मोहम्मद फाजिल (काठमाडौं), लामा पेमा डोल्मा (मकवानपुर), जनकप्रसाद बर्तौला (मकवानपुर), दीपेन्द्र विष्ट (बर्दिया), प्रकाशकुमार कुसारी(रुकुम), वीना नबाछें श्रेष्ठ (भक्तपुर) र अन्जन धमला (गोर्खा), श्रीमान् थापामगर (बाँके) बिहीबार सदस्यमा नियुक्त भएका थिए । मन्त्री गहतराजले भने, "विगतका गलत कामलाई पन्छाउँदै सफल उदाहरणलाई आत्मसात् गरी राज्यले अपेक्षा गरेको नतिजा हासिल गर्न र खेल क्षेत्रको सुधारका लागि निरन्तर क्रियाशील हुन आवश्यक छ ।" युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर शर्माले नवनियुक्त सदस्यले महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेसगै खेलकुद क्षेत्रमा देखिएका चुनौतीलाई अवसरकारुपमा लिएर खेलक्षेत्रको विकासका लागि काम गर्न सुझाव दिए ।

उनले भने, "हामीसँग अवसर र चुनौती दुवै छन्, अब अन्तर्राष्ट्रिय खेलकुद प्रतिस्पर्धामा जानुपर्छ, त्यसका लागि परिषद्ले सरकारको भिजन र निर्देशनलाई बुझेर काम गर्न सकोस्, खेलकुद राष्ट्रिय एकताको साझा भावनारुपान्तरण गर्ने शक्ति हो ।" यसअघि मन्त्रालयको सभाकक्षमा परिषद्का अध्यक्ष मन्त्री गहतराजले नव नियुक्त सदस्यलाई पद तथा गोपनीयताको सपथ दिलाएका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको
वारेन्टीका साथै
दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज
सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर,
कम्प्युटर, फोटोकपी
लगायतको सर्भिस
छिटो छरितो र भरपर्दो
रुपमा गर्नुभई ढुक्क
हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चुनौती बन्दै लैंगिक हिंसा अन्त्य

साझाकुरा संवाददाता




हेटौंडा/लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान बिहीबारबाट सुरु भएको छ ।

बर्षेनी अभियान संचालन गरिरहँदा हिंसा अन्त्य भने, थप चुनौतीपूर्ण बन्दै गइरहेको छ । महिला पुरुषबाट, र पुरुष पनि महिलाबाट हिंसामा पर्ने क्रम रोकिएको छ । अझ महिला घर भित्रै हिंसा भोग्न बाध्य छन् ।

यस वर्ष लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको मुख्य नारा 'घरबाटै सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' भनिएको छ । घरभित्रका हिंसा रोक्न तय गरिएको नारा, नारामै सीमित र ाखेर कुनै फलदायी हुने अवस्था देखिँदैन । यो अभियान प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म १६ दिन मनाउने गरिन्छ ।

अभियानको पहिलो दिन हेटौंडा–४, स्कूलरोडबाट जनचेतनामूलक ऱ्यालीको आयोजना गरिएको छ । ऱ्यालीमा सहभागीहरुले 'घरबाटै सुरु गरौं, महिला हिंसा अन्त्य गरौं', महिला र किशोरीको सुरक्षा ग्यारेन्टी गर, मानव बेचबिखन अन्त्य गरौं, लैंगिक हिंसा सबालको आवाजलाई बुलन्द पारौं' भन्दै नारा लगाएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशकी पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठले अभियानमा नाममात्रको नारा हुने बताइन् । १६ दिने अभियानमा सहभागीहरुबाट नै लैंगिक हिंसा अन्त्यका लागि भएका काम व्यवहारमा देखिनुपर्ने बताए । जनचेतनाको कमीले घरभित्रै हिंसा लुकाएर राख्ने गरिएकोमा अहिले अभियानकर्मी महिला तथा पुरुषहरुले नै गर्दा लैंगिक हिंसाविरुद्ध आवाज उठ्ने गरेको उनको भनाइ थियो ।

नेपालमा विविध कारणले महिला हिंसा अत्यधिक बढ्दै गएको छ । पुरुषबाट मात्र नभई महिलाबाट नै महिला हिंसामा धेरै परेको अध्ययनहरुले देखाएको छ । लैंगिक हिंसा न्यूनीकरणका लागि विशेषगरी महिला हिंसा अन्त्य गर्न पुरुषको सार्थक सहभागिता अपरिहार्य हुन्छ । पुरुषलाई परिचालन गरी महिला हिंसा अन्त्य गर्न, अपांगता भएकाको अधिकार स्थापित गर्न, यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार प्राप्तिका लागि विभिन्न संघसंस्था क्रियाशील छन् ।

ऱ्यालीका सहभागीहरुले म हिंसा गर्दिन, म हिंसा सहँदिन भन्ने नारामा समेत हस्ताक्षर गरेका छन् । १६ दिने अभियानमा दीप प्रज्वलन र महिला हिंसाविरुद्धको सचेतनाजस्ता कार्यक्रमहरु हुनेछन् ।

सामाजिक विकास मन्त्रालय, मानव अधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको सञ्जाल र हेटौंडा उपमहानगर पालिकाको समन्वयमा कार्यक्रम भएको हो । लैंगिक हिंसाविरुद्ध क्रियाशील संघसंस्थाहरुको समेत अभियानमा सहभागिता रहेको छ ।

३३ प्रतिशत महिला राजनीतिमा अनिवार्य सहभागिताको व्यवस्था गरेको भए पनि ३३ प्रतिशत सहभागिता नभएको उनले जानकारी दिइन् । सो अवसरमा बुद्धचोकमा जागरण महिला समूहद्वारा सडक नाटकसमेत प्रस्तुत गरिएको थियो । लैंगिक हिंसामा आधारित नाटकले महिलाद्वारा महिला नै हिंसामा परेको चित्रण गरिएको थियो । नाटकद्वारा चाँडै धन र सम्पत्ति कमाउने उद्देश्यले श्रीमतीले श्रीमान विदेश पठाउने गरेको र आफू परपुरुषसँग लाग्ने गरेको तथ्यलाई पनि सडक नाटकले उजागर गरेको थियो ।

किशोरी र महिलालाई लक्षित गरी नाटक प्रस्तुत गरिएको बताइएको छ । एउटा किशोरीले आफ्नो साथी किशोरीलाई सामाजिक सञ्जालमा परिचित पुरुषसँग प्रेममा परेपछि वास्ता नगर्ने चित्रण सडक नाटमा गरिएको थियो ।

वैदेशिक रोजगारका कारण पनि महिला हिंसा बृद्धि हुने गरेको छ ।

## बाघको दाँत र नगद रकमसहित एक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा/बाघको दाँत जस्तो देखिने वस्तु र स्रोत नखुलेको १ लाख ५२ हजार रुपैयाँसहित प्रहरीले शुक्रबार एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोलीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ का ५९ बर्षीय भीम राउतलाई उक्त बाघको दाँत जस्तो देखिने वस्तु र स्रोत नखुलेको रकम १ लाख ५२ हजारसहित पक्राउ गरेको हो ।

हेटौंडा उपमहानगर पालिका-१० स्थित बसपार्कमा शंकास्पद् अवस्थामा हिंडिरहेका बेला राउतको खानतलासी गर्दा एकथान बाघको दाँत जस्तो देखिने वस्तु र स्रोत नखुलेको नगद १ लाख ५२ हजार रुपैयाँ फेला पारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले जानकारी दिए । पक्राउ परेका राउतलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि जिल्ला वन कार्यालय मकवानपुर पठाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

# माओवादीको मकवानपुरका सबै पालिकामा एकैपटक सम्मेलन

साझाकुरा संवाददाता




हेटौंडा/नेकपा माओवादी केन्द्र मकवानपुरको जिल्लास्थित दशै वटै स्थानीय तहमा एकैपटक पालिका सम्मेलन हुने भएको छ ।

मकवानपुरका १ उपमहानगरपालिका, १ नगरपालिका र ८ गाउँपालिकाहरुमा एकै पटक सम्मेलन गरिने नेकपा माओवादी केन्द्र मकवानपुरका प्रचार विभाग प्रमुख कमान सिं पाख्रिनले जानकारी दिए ।

उनका अनुसार पालिका सम्मेलन १३ मंसिरमा हुनेछ । शुक्रबार हेटौंडामा बसेको नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला समन्वय समितिको बैठकले सम्मेलनका लागि पालिका कमिटीलाई निर्देशन दिइसकिएको प्रचार विभाग प्रमुख पाख्रिनले बताए ।

पार्टीले जारी गरेको अन्तरिम निर्वाचन निर्देशिका अनुसार महानगरमा चारसय, उपमहानगरमा तीनसय, नगरमा दुईसय, गाउँपालिमा एकसय ५० प्रतिनिधि निर्वाचित गराएर सम्मेलन गर्नुपर्ने जनाइएको छ । अब माओवादीको महानगरमा ९९, उपमहानगरमा ८१, नगरपालिकामा ६५ र पालिमा ५५ जनाको कमिटी निर्वाचित हुने निर्देशिकामा उल्लेख छ । तर, मकवानपुरका महानगर नभएकाले पार्टीको महानगर कमिटी भने बन्ने छैन् ।

पार्टीको सम्मेलनका लागि पालिका कमिटीहरुले तयारी गरिरहेको जनाइएको छ । माओवादी केन्द्र मकवानपुरकी इन्चार्ज तथा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा पार्टी जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष प्रेम बहादुर पुलामीको सभाध्यक्षतामा सम्मेलन तयारी अनुरुप बैठक बसेको थियो । बैठकमा प्रदेश कमिटीका सचिवालय सदस्य विष्णु विष्ट, प्रदेश कमिटी सदस्य भिम पाख्रिन, प्रल्हाद लामिछाने, ललित घलान, बीरबहादुर घलानलगायतको उपस्थिति थियो ।

बैठकले पार्टी केन्द्रले गरेको सर्कुलर अनुसार १३ मंसिरमा जिल्लास्थित दशै वटा स्थानीय तहको सम्मेलन गर्न पालिका स्तरीय पार्टी कमिटीहरुलाई निर्देशन दिएको हो । मकवानपुरका स्थानीय तहहरुमा केही समयअघि मात्रै नेकपा एमाले र नेपाली कांग्रेसले पालिकस्तरीय कमिटी निर्माण गरिसकेको छ । पालिकाहरुमा नेकपा (एकीकृत समाजवादी)ले पनि कमिटी निर्माणलाई तीव्रता दिएको छ । अन्य राजनीतिक दलले भने पालिका कमिटी बनाएका छैनन् ।

# बागमतीमा आन्तरिक फुटबल

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पूर्वी क्षेत्र बागमती गाउँपालिका वडा नम्बर ५ मा आन्तरिक फुटबल प्रतियोगिता सुरु हुने भएको छ । वडा खेलकुद विकास समितिले शनिबारबाट फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो ।

प्रतियोगितामा ५ नम्बर वडाभित्रका दुई उमेर समूहमा प्रतियोगिता हुने संयोजक दीपक वाईबाले जानकारी दिए । प्रतियोगिताका लागि दुबै उमेर समुहका ८-८ वटा टिमको सहभागिता रहने संयोजक वाईबाले बताए । प्रतियोगिता लिग चरणमा खेलाइने आयोजकले जनाएको छ ।

१४ बर्ष माथिको प्रतियोगितामा प्रथम हुने टिमले नगद २० हजार रुपैयाँ तथा द्वितीय हुने टिमले नगद १० हजार रुपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगिताको फाइनल खेल १८ गते हुनेछ ।

प्रतियोगिता अन्तर्गत यु-१४ मा प्रथम हुने टिमले नगद १० हजार रुपैयाँ र द्वितीय हुने टिमले ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# जिसस महासंघ बागमती प्रदेशको पहिलो बैठक सकियो



साझाकुरा संवाददाता

हेटौंडा/चितवनमा जिल्ला समन्वय समिति (जिसस) महासंघ बागमती प्रदेश कमिटीको पहिलो बैठक बसेको छ ।

महासंघका अध्यक्ष जिसस मकवानपुरका प्रमुखसमेत रहेका रघुनाथ खुलालको अध्यक्षतामा जिसस महासंघको तेस्रो राष्ट्रिय परिषद् बैठक पछिको पहिलो बैठक बिहीबार जिसस चितवनको सभाहलमा भएको हो । बैठकले तेस्रो राष्ट्रिय परिषद्बाट निर्वाचित जिसस महासंघ राष्ट्रिय कमिटीका पदाधिकारीलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने निर्णय गरेको छ ।

बैठकले बागमती प्रदेश सुशासन केन्द्रलाई जिसस पदाधिकारीका लागि क्षमता विकास र स्वमुल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरेको अध्यक्ष खुलालले जानकारी दिए । साथै बैठकमा विभिन्न जिल्लाका प्रमुखहरुले आ-आफ्नो जिल्लामा भएका कामहरुको बारेमा जानकारी गराएका थिए ।

# आयातमा कडाई गर्ने राष्ट्र बैंकको संकेत

काठमाडौं (रासस)/ नेपाल राष्ट्र बैंकले चाँदी आयातमा भइरहेको वृद्धिलाई रोक्ने केन्द्रित गरेको छ ।

केन्द्रीय बैंकले शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको समीक्षा गर्दै चाँदी आयातमा कडाई गर्ने केन्द्रि गरेको हो । राष्ट्र बैंकले ड्राफ्ट/टिटिको माध्यमबाट आयात गर्दा प्रदान गरिने रकमको अधिकतम सटही सुविधासम्म मात्र चाँदी आयात गर्नको लागि सटही सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरिएको जनाएको छ ।

यस्तै, विदेशी विनिमय सञ्चितिको विद्यमान अवस्थालाई ध्यान दिई तोकिएका वस्तुको आयात प्रतीतपत्र खोल्दा अनिवार्यरुपमा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गर्ने मौद्रिक नीतिको समीक्षामा उल्लेख छ । कोभिड-१९ महामारीको असर क्रमिकरुपमा कम हुँदै गएको, खोपको उपलब्धता बढ्दै गएकाले त्यसको प्रभाव बजारमा देखिएको छ ।

वैदेशिक रोजगारीमा जानेको संख्या तथा विदेशी पर्यटकको आगमनसमेत बढ्न थालेको स्पष्ट पार्दै केन्द्रीय बैंकले, विद्युत् निर्यात शुरु हुनुको साथै मौद्रिक तथा वित्तीय नीतिगत सहजीकरण कायमै रहेको जनाएको छ । ती तथ्यबाट आर्थिक पुनरुत्थानले गति लिने देखिएको स्पष्ट पारेको छ । आर्थिक पुनरुत्थानको चरणमा कर्जाको माग बढिरहेको र यस्तो कर्जाको ठूलो हिस्सा आयात भुक्तानीमा खर्च भइरहेको देखिने केन्द्रीय बैंकले उल्लेख गरेको छ ।

विप्रेषण आप्रवाह अपेक्षित रुपमा बढ्न नसकिरहेकोले वाह्य क्षेत्र स्थायित्वमा दबाब कायमै रहने देखिएको जनाएको छ । चालु आर्थिक वर्षमा स्थानीय तहको निर्वाचनमा हुने खर्चले समष्टिगत माग थप विस्तार भई मूल्य र आयातसमेतमा चाप पर्ने स्थिति रहेको मौद्रिक समीक्षामा चर्चा गरिएको छ ।

पछिल्लो समय अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिसमेतले नेपालको मुद्रास्फीति बढ्ने आंकलन गरेको छ । बैंकले हालै सम्पन्न गरेको मुद्रास्फीति अपेक्षा सर्वेक्षणसमेतमा आगामी दिनमा मूल्य वृद्धिमा थप चाप पर्ने देखिएको उल्लेख गरेको छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार अधिक रहेकोले तरलतामा चाप पर्ने स्थिति देखिएको समीक्षामा उल्लेख गरिएको छ ।

# थाहानगर सूचना प्रविधि लेखाजोखामा उत्कृष्ट

साझाकुरा संवाददाता




**मूल्याङ्कनमा ७५३ स्थानीय तहमध्ये ४३४ वटा स्थानीय तहले मात्र सहभागिता जनाएका थिए । मूल्याङ्कनमा लागि मन्त्रालयले गुगल फर्म पालिकाहरुलाई पठाएको थियो ।**

हेटौंडा/स्थानीय तहहरुको सूचना प्रविधि क्षमताको लेखाजोखा विधिको मूल्याङ्कनमा मकवानपुरको थाहा नगरपालिकामा जिल्लाकै बढी अंक पाउने पालिका घोषणा भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना प्रविधि शाखाले गरेको मूल्याङ्कन प्रतिवेदनमा थाहा नगरपालिकाले ६३ अंक प्राप्त गर्दै जिल्लामै बढि अंक प्राप्त गर्ने पालिका हुन सफल भएको हो । मन्त्रालयले ५ मंसिरमा सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा मकवानपुरका १ नगर पालिका र ४ गाउँपालिकाले आफ्नो मूल्याङ्कनमा सहभागिता जनाएको उल्लेख छ ।

मुल्याङ्कनमा सहभागिता जनाएका थाहा नगरपालिकाले ६३, बकैया गाउँपालिकाले ४८, इन्द्रसरोवरले ४५, कैलाशले ४० र राक्सिराङले ३६ अंक प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ । मूल्याङ्कनमा सहभागी थाहा नगर पालिका बाहेकका अरु चार पालिकाले औषत भन्दा पनि कम अंक पाएका हुन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिका, भिमफेदी गाउँपालिका, मकवानपुरगढी, बागमती र मनहरी गाउँपालिकाले मुल्याङ्कनमा सहभागिता नै नजनाएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

मूल्याङ्कनमा ७५३ स्थानीय तहमध्ये ४३४ वटा स्थानीय तहले मात्र मूल्याङ्कनमा सहभागिता जनाएका थिए । मूल्याङ्कनमा लागि मन्त्रालयले गुगल फर्म पालिकाहरुलाई पठाएको थियो । मूल्याङ्कनमा सबैभन्दा बढि ८० अंक चौरहजारी नगरपालिका रुकुम पश्चिमले पाएको छ भने सबैभन्दा कम पंचेश्वर गाउँपालिका बैतडीले १९ अंक मात्र पाएको छ । प्रतिवेदन अनुसार मुल्याङ्कनमा सहभागी पालिकाले औषत ४९ अंक पाएका छन् ।

स्थानीय तहमा सूचना प्रविधिको प्रयोग र यससंग सम्बन्धीत सेवा प्रवाहलाई सक्षम बनाउनका लागि मूल्याङ्कन गरिएको मन्त्रालयले जनाएको छ । मूल्याङ्कन अध्ययनमा विभिन्न ७ क्षेत्रको ५० वटा सूचकहरु प्रयोग गरिएको थियो । पालिकाको सूचकहरुमा पालिकाले स्वत: प्रकाशन गर्नुपर्ने सूचना, प्रकाशन गरे नगरेको, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी लगायतको व्यक्तिको विवरण वेभसाइटमा राखिएको नराखिएको, पालिकाको वेभसाइट नियमित अपडेट भए नभएको, सूचना नियमित सार्वजनिकताको अवस्था लगायतको सूचकहरु रहेका थिए ।


व्यक्तिगत घटना दर्ता




मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुरगढी



व्यक्तिगत घटना दर्ता




भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश , मकवानपुर



तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल